# महँगो डलर, बजारभाउ उच्च दरले बढ्ने अनुमान

■ विनय बञ्जारा

जेठ २९, काठमाडौं । नेपाल राष्ट्र बैङ्कले बिहीवारका लागि अमेरिकी डलरको विनिमय (बिक्री) दर ९३ रुपैयाँ ११ पैसा तोकेको छ। अघिल्लो दिनको तुलनामा ६८ पैसा कम भए पनि यो दर मङ्गलवारको भन्दा बढी हो । गत मङ्गलवार डलरको विनिमय दर ९२ रुपैयाँ ९३ पैसा पुगेपछि नयाँ रेकर्ड बनाएको थियो । डलरको विनिमय दर लगातार उकालो लागेपछि आगामी दिनमा बजार भाउ उच्च दरले बढ्ने विज्ञहरूले बताएका छन् । करीब डेढ महीनायता बुलिश ट्रेण्डमा देखिएको डलरको विनिमय दरले बुधवार पुनः नयाँ रेकर्ड कायम गर्‍यो । 'आयातमुखी अर्थव्यवस्था भएकाले यसले सरकारलाई राजस्व बढाउन त सहयोग गर्छ,' नेपाल चेम्बर अफ कमर्शका महासचिव कमलेश अग्रवालले भने, 'तर, मुद्रास्फीति निकै उच्च हुन पुग्छ ।' फलस्वरूप मध्यमवर्गीय उपभोक्ताका लागि यसले ठूलो असर गर्ने उनले बताए ।

नेपालको कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८५ प्रतिशत र निर्यातको हिस्सा १५ प्रतिशत छ। यसले व्यापार घाटाको व्यवस्थापन गर्न सरकारलाई चुनौती थपिने देखिन्छ । 'यस्तो अवस्थामा निर्यात प्रवर्द्धन गर्न सरकारले केही ठोस कदमहरू चाल्न सक्छ,' साउथ एशियन वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भाएरोमेण्ट (सावती)का कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले भने, 'व्यापारीहरूले केही समयका लागि आयात स्थगित गर्नु अर्को उपाय हुन सक्छ ।' डलर महँगिंदा तेस्रो मुलुकबाट आउने विलासी वस्तुको माग घट्ने उनले बताए । 'एक तिहाई आयातमा मात्रै प्रत्यक्ष प्रभाव पार्ने र विलासी वस्तुको आयात कटौती हुने भएकाले यसले व्यापार घाटामा ठूलो असर नगर्न सक्छ,' उनले थपे । तर, व्यवसायीहरू भने आयात स्थगित गर्दा बजारमा अभाव चर्कने भन्दै त्यसो गर्न नहुने बताउँछन् । 'आयात रोक्नेबित्तिकै बजारमा हाहाकार हुन्छ र यसले मूल्यवृद्धिलाई अझ बढी सहयोग पुग्छ,' अग्रवालले भने । व्यवसायीहरूका अनुसार आयात स्थगित गर्दा कालोबजारी बढ्ने सम्भावना पनि त्यत्तिकै रहन्छ ।

डलर महँगिंदा नेपाललाई फाइदा हुने एउटैमात्र बाटो विप्रेषण आय हो । यसबाट ठूलो सङ्ख्यामा वैदेशिक रोजगारीमा गएका नेपालीले पठाउने रकमको सटही मूल्यमा अतिरिक्त आम्दानी प्राप्त गर्न सकिन्छ । अर्को बाटो निर्यातलाई बढाउनु नै हो । विज्ञहरू निर्यात बढाउन सरकार र निजीक्षेत्रका व्यवसायीहरूले प्रयास गर्नुपर्ने बताउँछन् । तर, व्यवसायीहरू गैरआर्थिक कारणले नेपालको निर्यात तत्काल बढाउन नसकिने तर्क गर्छन् । अग्रवालको विचारमा तरल राजनीति र औद्योगिक सुरक्षाको सवाल सबैभन्दा ठूलो चुनौती बनेको छ । यससँगै उच्च उत्पादन लागत र आयातमा निर्भर कच्चा पदार्थका कारण पनि आयात बढाउन सक्ने अवस्था ज्यादै कम छ । भारतीय मुद्रासँगको स्थिर विनिमय भएका कारण नेपाली रुपैयांको विदेशी विनिमय निर्धारण पनि भारूमै निर्भर गर्छ। करीब डेढ महीनायता भारतमा सुनको आयात उच्च भएपछि त्यहाँको व्यापार घाटा र चालू खाता घाटा फराकिलो दरले बढिरहेको छ । यसले भारूसँगै नेपाली मुद्रालाई पनि कमजोर बनाएको छ। अन्तरराष्ट्रिय बजारमा डलर आफै महँगिंदै जानु र भारतको चालू खाता घाटा उच्च दरले बढेपछि भारूलाई कमजोर बनाउन दोहोरो दबाब परेको छ ।

**अब के गर्ने ?**

'भारूसँग स्थिर विनिमय भएकाले अहिलेको अवस्थामा राष्ट्र बैङ्क रमिता हेरेर बस्नुको विकल्प छैन,' डा. पाण्डेले भने । नेपाल राष्ट्र बैङ्कले पनि यसलाई 'अस्थायी अधिमूल्यन' भन्दै केही समयमा आफै ठीक ठाउँमा आउने बताएको छ । 'भारतमा डलरको आपूर्ति सन्तुलनमा केही समस्या भएकाले अधिमूल्यन भएको हो,' राष्ट्र बैङ्कका प्रवक्ता भास्करमणि ज्ञवालीले भने, 'निर्यात बढेपछि यो आफै सन्तुलनमा आउँछ ।' उनले अहिले नै राष्ट्र बैङ्कले कुनै अग्रसरता देखाउने वा मौद्रिक नीतिमा पुनर्विचार गर्नुपर्ने अवस्था नआएको बताए । कतिपय विज्ञहरूले भारूसँगको स्थिर विनिमय प्रणालीलाई हटाउनुपर्ने बताउँदै आएका थिए । तर, त्यसो गर्दा नेपाली मुद्रा थप अवमूल्यन हुने भएकाले अहिलेकै अवस्थामा रहनुपर्ने व्यापार विज्ञहरूको भनाइ छ । 'अहिले नै अनौपचारिक बजारमा रू. १ सय ६८ देखि रू. १ सय ७० मा भारूको कारोबार भइरहेको छ, अग्रवालले भने, 'स्थिर विनिमय हटाउने हो भने नेरू अहिलेभन्दा निकै अवमूल्यन हुन पुग्छ ।' त्यतिबेला नेपालले व्यापार घाटा धान्न नसक्ने अवस्थामा पुग्ने उनको भनाइ छ । विज्ञहरूले निर्यात वृद्धिका लागि सरकार केही नयाँ कार्यक्रमसहित प्रस्तुत हुनुपर्ने बताएका छन् । यद्यपि, आयात कटौती गर्दै जाने र भारतसँगको एकपक्षीय व्यापार विविधीकरण गर्ने लक्ष्य अघि सारेको सरकारलाई मुद्रा अवमूल्यन अर्को चुनौतीका रूपमा देखिएको छ ।